# ललितपुर जिल्ला समन्वय समितिको

# जिल्ला सभा २०७५ असार ३२ गते जिल्ला समन्वय समिति ललितपुरमा




प्रतिवेदकः सावित्री वजागाई

नीतिहरुः

१. संघिय सरकार प्रदेश सरकार र स्थानीय सरकारको विच सम्बन्ध सेतुको रुपमा रहने नीति अवलम्बन गरिने छ ।

२. माग वा आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम लागु गरिने छ ।

३. अनुगमन लाई प्रभावकारी बनाँउन Resut Base Monitoring /process monitoring जस्ता tools हरु प्रयोग गर्न अनुगमन कार्यविधी बनाइ लागु गर्ने नीति लिइने छ ।

४. स्थानीय तह बिच समन्वय कायम गरी कार्य सहजिकरण गर्नुका साथै विवाद समाधानलागि आवश्यक व्यवस्था मिलाइने छ ।

५. साविकमा जिल्ला विकास समितिमा रहेका कोषको प्रभावकारी संचालन र व्यवस्थापनका कार्य गरिने छ ।

६ .गै.स.स.को अनुगमन मूल्याकनलाई प्रभावकारी बनाउन १०,००,०००। भन्दा माथिका कार्यक्रम संचालन गर्ने गै.स.स.को पूर्व सहमती दिनु पूर्व अनिवार्य अनुगमनका लागि निश्चित रकमको २ प्रतिशत जि. स. स. लाई छुट्याउनु पर्ने निति अवलम्बन गरिने छ । यसका लागि सवै स्थानीय तहवाट सहजिकरण गरिने छ ।

७. स्थानीय तहमा देखिएका समस्याहरुलाई समाधान गर्ने आवश्यक पहल कदमी गरिने छ ।

८ कर्मचारी व्यवस्थापन र जि. स. स. को संगठन संचालन चुस्त दुरुस्त राख्न आवश्यक विशेषज्ञता सहित समिति निर्माणमा पहल गरिने छ ।

९ .स्थानीय निकायहरुलाई प्रभावकारी बनाउन सफल अनुभव आदान प्रदान र एकिकृत योजना तर्जुमा गर्ने अन्तरक्रिया कार्यक्रम गर्ने निति अवलम्बन गरिने छ ।

१०. कर्मचारीहरुलाई साथै विभिन्न संघ संगठनलाई उत्प्रेरित बनाइ मनोबल बढाई कार्य प्रभावकारीता बढाउन आगामी सभामा पुरस्कृत गर्ने निति अवलम्बन गरिने छ ।

११. सम्वृद्ध र विकसित मुलुक निर्माण गर्दै दिगो विकासमा टेवा पु-याउने अन्य समसामयिक कार्य गरिने छ ।

निर्णयः

१ जिल्ला सभा संचालन कार्यविधि सम्वन्धमाः ललितपुर  जिल्लाको जिल्ला सभा संचालन सम्वन्धि कार्यविधि २०७५ परित गर्ने निर्णय गरियो ।

२ जिल्ला समन्वय समितिको आ०व० २०७५/०७६को  नीति तथा  कार्यक्रम सम्वन्धमाः जिल्ला सभामा पेश भए अनुसारको नीति स्वीकृत गरि वजेटको सुनिश्चितता पश्चात कार्यक्रमहरु तयार गरी स्वीकृत गर्न जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३  आ०व० २०७४।०७५ को संचालितल वजेट कार्यक्रम स्वीकृत तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

४ विविध

क) प्रशासन संगठन संरचना र दरवन्दी  सबन्धमाः सामनन्य प्रशासन मन्त्रालयले पठाएको नमुना  दरवन्दि जि०स०स०को कामको वोझ तथा जिल्ला समन्वय समितिमा संविधान र कानुनले जिल्ला समन्वय समितिलाई प्रत्याभुत गरेको भुमिकालाई आधार मानी देहायको कर्मचारीहरुको दरवन्दि र संगठन संरचना पारित गरि प्रदेश र संघिय मन्त्रालयलाइ स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

ख) कर्मचारी राहत कोष सम्वन्धमाः साविक जिल्ला विकास समितिमा स्थानीय विकास कोष विनियम बमोजिम नियुक्त भई स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २४९ बमोजिमको दरवन्दिमा रहि हाल जि०स०स०मा कार्यरत अस्थायि कर्मचारीहरुका लागि व्यवस्थापन गर्न १६ ओ जिल्ला परिषद्वाट स्वीकृत कर्मचारी राहतकोष संचालन कार्यविधि २०६४ मा गरेको प्रावधान बमोजिम कोषमा भएको रकम हाल कायम रहेका कर्मचारीहरुको विनियममा उल्लेख गरेको सेवा सुविधाको हिसाव गरि हाल जुन जुन स्थानीय तहमा जति कर्मचारी खटाईएको छ सोका आधारमा दामासही रुपमा राहतकोषमा भएको रकम सम्वन्धित पालिकाहरुमा पठाउने जानकारी गराईयो ।

ग) गरिवसंग विश्वेश्वर कार्यक्रम घुम्तीकोष सम्बन्धमाः गरिवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गतका सामुदायिक संस्थाका सदस्यहरुको आयअर्जनमा टेवा पुर्याउन नेपाल सरकारले साविक जि०वि०स०लाई उपलव्ध गराएको घुम्ति कोष रकम हाल उक्त कार्यक्रमको अख्तियारी गाउंपालिकामा गएको सन्दर्भमा उक्त  घुम्ति कोष सम्वन्धित गाउंपालिकाहरुमा कार्यक्रम संचालित साविक गा०वि०स० संख्याको आधारमा दामासायि गरी सम्वन्धित गाउं पालिकामा पठाउने निर्णय गरियो ।

घ ) साविक जिल्ला विकास समितिको स्थानीय विकास कोषमा ऋणपुंजिका लागि प्राप्त रकम सामुदियक विकास कोष निर्देशिका वमोजिम साविक गा०व०स०गोटिखेल , शंखु, भारदेउ, वडिखेल, विशंखुनारायण, गोदामचोर, सिद्धिपुर, लामाटार, छम्पी, डुकुछाप, लुभु, सुनाकोठी, बुंगमतीमा दामासायिले सामुदियक विकास निर्देशिका वमोजिम ऋणपुंजि रकम धुमतिकोषको रुपमा हस्तान्तरण भैसकेको सन्दर्भमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।३।२९ को मन्त्रीस्तरीय निर्णय अनुसारको विज्ञप्ती वमोजिम हाल स्थानीय विकास कोषको खातामा रहेको रकम कोषमा नियुक्त भई कार्यरत रहेका कर्मचारी खटियका तहमा कर्मचारी स्तर तथा संख्याको आधारमा समन्यायिक हिसावले वांडफाड गरी हस्तान्तरण गर्ने निर्णय गरीयो ।

ङ) जिल्ला समन्वय समितिका प्रमुख तथा उप-प्रमुख/ सदस्यहरुलाई सुविधा समन्धमाः

१) जिल्ला समन्वय समितिका प्रमुखका आवास सुविधा र भान्से सुविधाका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) जिल्ला समन्वय समितिका उप प्रमुख र सदस्यहरुको मर्यादाक्रम यकिन हुन संघिय र प्रदेश सरकारलाई  अनुरोध गर्ने निर्णय गरियो ।

३) जिल्ला समन्वय समितिका पदाधिकारिहरुको सुविधामा पनर्विचार गरी  चाडपर्व खर्च, पोशाक भत्ता संचार सुविधा लगायत अन्य समितिहरुको वैठक भत्ता समेत व्यवस्था हुन प्रदेश सरकारलाई अनोध गर्ने निर्णय गरियो ।

च) आन्तरीक आय र राजश्व वांड फाड सम्वन्धमाः आवश्यक कार्यविधि वानाई जिल्ला समन्वय समितिलाई आवश्यक निर्देशन दिन संघिय र प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

छ) अधुरो योजना सम्वन्धमाः साविक जि॰वि॰स॰र जिल्ला प्राविधिक कार्यालयवाट सम्झौता भई कार्यन्वयनको चरणमा रहेका योजनामा जिल्ला प्राविधिक कार्यालयको सिफारिस अनुसार आवश्यक वजेट व्यवस्थापन र योजना कार्यन्वयन गर्न जिल्ला सभा / प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

ज)  आ॰व॰०७३/०७४ को लेखा परिक्षण प्रदिवेदन र जि॰स॰स॰ले आ॰व॰ २०७४/०७५मा गरेका कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

## कार्यक्रमका झलकहरु






जिल्ला सभा
आयोजक
जिल्ला समन्वय समिति
ललितपुर




जिल्ला समन्वय समिति ललितपुर
जिल्ला सभा


जिल्ला समन्वय समिति ललितपुर
जिल्ला सभा
आयोजक


जिल्ला समन्वय समिति ललितपुर
जिल्ला सभा




जिल्ला समन्वय समिति ललितपुर
जिल्ला सभा


जिल्ला समन्वय समिति ललितपुर
जिल्ला सभा

जिल्ला समन्वय समिति ललितपुर
जिल्ला सभा



जिल्ला समन्वय समिति ललितपुर
जिल्ला सभा
मिति:- २०७५ असार ३२ गते
स्थान:- जि. स. स. ल. पु.
समय:- बिहान ११:०० बजे
आयोजक
समन्वय समिति
ललितपुर